# दंगीशरण गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति :- २०७९/०६/२८
प्रमाणिकरण भएको मितिः- २०७९/०६/३०
स्थानिय राजपत्रमा प्रकाशित भएको मिति :- २०७९/०६/३१

**प्रस्तावना :-**

दंगीशरण गाउँपालिकामा सदियौंदेखि चल्दै आएको पितृसत्ताको कारण सामाजिक रुपमा पछि परिएका, अर्थ एंव पारिवारिक दृष्टिकोणसमेत सकारात्मक नपाइएकाले यसमा सकारात्मक सामाजिक परिवर्तन ल्याउने दद्देश्यले यस गाउँपालिकामा बसोबास गर्ने नागरिकबाट जन्म लिने सबै चेलीहरु (बालिकाहरु) को नाममा एक सुरक्षा कोष स्थापना र सञ्चालन गर्न उपयुक्त हुनुका साथै बाल विवाहलाई निरुत्साहित गर्न दंगीशरण गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन (नियमित गर्ने), २०७५ को दफा ३ मा भएको व्यवस्था अनुसार दंगीशरण गाउँ कार्यपालिकाले दंगीशरण गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०७९ जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस कार्यविधिको नाम "दंगीशरण गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि-

(क) **"अनुगमन समिति"** भन्नाले गाउँपालिकाले गठन गर्ने दफा ५ बमोजिमको समिति सम्झनु पर्दछ ।

(ख) **"सिफारिस भन्नाले"** जननिर्वाचित सम्बन्धित वडाको वडा अध्यक्षले हस्ताक्षर गरेको सिफारिस पत्र सम्झनु पर्दछ ।

(ग) **"गाउँपालिका"** भन्नाले दंगीशरण गाउँपालिका सम्झनुपर्दछ ।

(घ) **"बैंक"** भन्नाले यस गाउँपालिकाले खाता खोल्नका लागि तोकेको बैंक सम्झनुपर्दछ ।

(ङ) **"बालिका"** भन्नाले सम्वत २०७९ साल श्रावण पछि जन्म लिएको १८ वर्ष उमेर नपुगेको, निजको बाबुआमा यसै गाउँपालिकाको स्थायी बासिन्दा भएको छोरी सम्झनु पर्दछ ।

## परिच्छेद-२
## सहभागिता, रकम व्यवस्थापन र भुक्तानी प्रक्रिया

**३. सहभागी हुन पाउने:-**

(१) दंगीशरण गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोवास गर्ने आमा र वावुबाट जन्म भएका दुई छोरी १८ वर्ष उमेर पुरा नहुँदा सम्म यस कार्यक्रममा सहभागी गराइनेछ ।

(२) तोकिएको वैङ्कमा छोरी सम्मान कार्यक्रममा सहभागी हुने छोरीले अभिभावक वा संरक्षकले खाता खोलि दिनु पर्नेछ ।

**४. रकम व्यवस्थापन:-**

(१) गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम यस कार्यमा हुनसक्ने वार्षिक खर्च रकम अनुमान गरी वार्षिक रुपमा विनियोजन गरी रकमको व्यवस्थापन गर्नेछ ।तर वार्षिक रुपमा अनुमान गरी विनियोजन गरिएको रकम वर्ष समाप्ती नहुँदै भुक्तानी गर्दा रकम अपुग भएमा अन्य शीर्षकमा विनियोजन भएको बचत हुने रकमबाट यो शीर्षकमा रकमान्तर गर्न गाउँ कार्यपालिकालाई बाधा पर्ने छैन ।

**५. भुक्तानी प्रक्रियाः**

(१) यस गाउँपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिकबाट सम्वत् २०७९ श्रावण महिनादेखि जन्म भएका बालिकाहरुले मात्र खर्च गर्न पाउने गरी निम्नानुसार गाउँपालिकाबाट रकम निकासा एवम् भुक्तानी दिइनेछ ।

(क) यस गाउँपालिकामा स्थायी बासिन्दा भएका नेपाली नागरिकबाट जन्म भएका बालिकाका बाबु वा आमाले निजको जन्मदर्ता प्रमाणपत्र, आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित वडाको सिफारिस पत्र संलग्न राखी गाउँपालिकाको कार्यालयमा निवेदन दिनेछन् ।

(ख) उपदफा (क) बमोजिम प्राप्त निवेदनहरु बमोजिम गाउँ कार्यपालिकाको सिफारिस र संरक्षत्वमा तोकिएको वैङ्कमा बालिकाको नाममा नाबालिका बचत खाता खोलिने छ ।

(ग) उपदफा (ख) बमोजिम खोलिएको नाबालिका बचत खातमा रकम गाउँपालिकाले दंगीशरण छोरी सम्मान कोषमा विनियोजन गरेको रकमबाट मासिक रुपमा बालिका १८ वर्ष नहुँदासम्म बालिकाको खातामा रु. ३००।– (अक्षरेपि तीन सय रुपैयाँ मात्र) का दरले जम्मा गरि दिने ।

(घ) बालिका बालिग (निजको उमेर १८ वर्ष) भएपछि बचत हुन आएको रकम निजले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य, शिक्षा र

उद्यमशिलताको क्षेत्रमा खर्च गर्न पाइनेछ । निजको व्यक्तित्व विकासमा बाधा परेको र सो रकम खर्च गर्दा मात्र समस्या हल हुने अवस्था आएमा गाउँ कार्यपालिकाको अनुमति लिएर समय आगावै बचत रकम खर्च गर्न बाधा पर्ने छैन ।

(ङ) प्रचलित कानूनी व्यवस्था अनुसारको उमेर नपुग्दै विवाह गरेमा निजको बचत खातामा जम्मा भएको रकम सम्वन्धित वडा कार्यालयको सिफारिस पत्रका आधारमा गाउँकार्यपालिकाले निजलाई उक्त रकम दिने/नदिने निर्णय गर्न सक्नेछ ।

## परिच्छेद -३
## ब्यवस्थापन समिति र अनुगमन समिति गठन प्रक्रिया

**६. ब्यवस्थापन समिति**

(१) दंगीशरण गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०७९ दफा (५) बमोजिम रकम निकासा एंव भुक्तानी दिन र अभिलेख दुरुस्त राखी लेखापरीक्षण समेत गर्न गराउन देहाय बमोजिमको समिति हुनेछ । यस समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

(क) गाउँपालिकाको अध्यक्ष -संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(ग) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य-सचिव

**७. अनुगमन समितिः**

(१) दंगीशरण गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०७९ दफा (५) (क) (ख) (ग) (घ) (ङ) बमोजिम हुने कार्यको अनुगमन तपसिल बमोजिमको समितिले गर्नेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष -संयोजक
(ख) सामाजिक विकास समितिको संयोजक -सदस्य
(ग) गाउँपालिकाको शिक्षा अधिकृत -सदस्य
(घ) गाउँपालिकाको स्वास्थ्य ईकाइ संयोजक -सदस्य
(ङ) गाउँपालिकाको कानूनी सल्लाहकार -सदस्य
(च) महिला वालवालिका तथा समाज कल्यान ईकाइ प्रमुख -सदस्य-सचिव

## परिच्छेद-४
## विविध

**८. लगत विवरण तयार गर्नु पर्ने :-**

(१) दंगीशरण गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०७९ मा भएको ब्ययवस्था अनुसार छोरी सम्मान कार्यक्रममा सहभागी भएका छोरीहरुको

लगत विवरण अनुसूची-१ बमोजिमको ढाँचामा महिला वालवालिका तथा समाज कल्यान ईकाइले राख्नु पर्नेछ ।

**९. कारबाही हुनेः-**

(१) यस कार्यविधि विपरीत कार्य गर्ने गराउने कुनै पनि व्यक्ति, समूह वा यसै कार्यविधि बमोजिम गठित समिति, समितिका पदाधिकारी वा सदस्यहरुलाई समेत प्रचलित कानुन बमोजिम कारबाही हुनेछ । गलत प्रमाण पेश गरी रकम भुक्तानी लिएको प्रमाणित भएमा उपलब्ध गराइएको रकम फिर्ता गरिनुका साथै त्यस्ता गलत कार्य गर्ने व्यक्ति वा समूहलाई कालो सूचिमा राखी आगामी दिनमा त्यस्ता व्यक्तिलाई कुनै पनि सेवा उपलब्ध गराइने छैन ।

**१०. बाधा अड्काउ फुड्काउने अधिकारः**

(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी बाधा अड्काउ फुकाउन सकिनेछ ।

# अनुसूची-१

## दंगीशरण गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०७९ दफा ३(१) सँग सम्वन्धीत

दंगीशरण गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०७९ दफा ३(१) अनुसार सहभागी भएका दंगीशरण गाउँपालिका वडा नं. १ देखि ७ सम्ममा छोरी सम्मान कार्यक्रममा सहभागी भएकाहरुको लगतको विवरण

जिल्ला- दाङ दंगीशरण गाउँपालिका वडा नं.

**मिति** **देखि** **सम्म**

छोरी सम्मान कार्यक्रममा सहभागी भएको छोरीको नाम :-

| सि.नं. | आमाको नाम | वावुको नाम | जन्म मिति | जन्म दर्ता नं. मिति | छोरी सम्मान कार्यक्रममा रकम जम्मा गरिएको बैङ्कको नाम | बैङ्कमा रकम जम्मा भएको मिति | बैङ्क खाता नं. | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |
| ४. | | | | | | | | | |
| ५. | | | | | | | | | |
| ६. | | | | | | | | | |
| ७. | | | | | | | | | |
| ८. | | | | | | | | | |
| ९. | | | | | | | | | |
| १०. | | | | | | | | | |
| ११. | | | | | | | | | |
| १२. | | | | | | | | | |

-----------------------------

अभिलेख तयार गर्नेको नाम :-

पद :-

दस्तखत :-

---------------------------------------

अभिलेखमा रकम जम्मा भएको रुजु गर्ने आर्थिक प्रशासन शाखा प्रमुखको नाम :-

पद :- दस्तखत :-

-----------------------------------------

अभिलेखमा रकम जम्मा प्रमाणित गर्ने महिला वालवालिका तथा समाज कल्यान ईकाइ प्रमुखको नाम :-

पद :- दस्तखत :-